# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड १ मण्डनदेउपुर, फागुन १६ गते, २०७४ साल संख्या १४


## भाग २

### मण्डनदेउपुर नगरपालिका

# स्थानीय विपद् जोखिम न्युनिकरण व्यवस्थापन कार्यविधि २०७४

*नगरसभाबाट स्वीकृत मितिः २०७४/१०/११*

*प्रमाणित मितिः २०७४/१०/१५*

स्थानीय शासन सञ्चालन ऐन २०७४ तथा स्थानीय विपद जोखिम न्युनिकरण तथा व्वस्थापन सम्वन्धि कानुनलाई संशोधन र एकीकरण गर्न वनेको ऐन २०७४ को अधिनमा रही यो स्थानीय विपद जोखिम न्युनिकरण व्यवस्थापन कार्यविधि २०७४ निर्माण गरी लागु गरिएको छ ।

१. **नगर स्तरिय विपद व्यवस्थापन समितिको गठन :** मण्डनदेउपूर नगरपालिकामा विपद व्यवस्थापन संवन्धि कार्यका लागि निम्नानुसारको स्थानीय विपद व्यवस्थापन समिति गठन गरिनेछ ।

अध्यक्षः विपद व्यवस्थापन समितिका संयोजक

सदस्य:सदस्य: स्वास्थ्य सम्वन्धि विषय हेर्ने शाखा प्रमुख

सदस्यः नगरस्थित सुरक्षा निकायका प्रमुखहरु

सदस्यः नगरस्थित पुर्वाधार तथा सामाजिक विकाससँग सम्वन्धित शाखाका प्रमुखहरु

सदस्यः रास्टिय मान्यताप्राप्त राजनीतिक दलका नगर स्तरीय प्रमुख वा प्रतिनिधिहरु

सदस्यः नगर स्थित उद्योगबाणिज्य संघको पमुख

सदस्यः नगर भित्र रहेका नेपाल रेडक्रस सोसाइटी उपशाखाका प्रमुख वा प्रतिनिधिहरु

सदस्यः स्थानीय विपद व्यवस्थापन समितिले मनोनित गरेका नगरभित्र रहेका गैरसरकारी संस्थाका प्रमुख वा प्रतिनिधिहरु

सदस्य सचिवः विपद ब्यवस्थापन शाखा प्रमुख

२. **नगर स्तरिय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) परिषदबाट स्वीकृत राष्ट्रिय निति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत निति योजना र कार्यक्रम अनुरुप हुनेगरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयन गर्ने ,

(ख) मण्डनदेउपूर नगरपालिकामा विपद व्यवस्थापनका लागी बजेट विनियोजन गर्न लगाउने

(ग) सरकारी निजि एवम गैरसरकारी संस्था, स्थानोय स्ययंमसेवक, सामाजिक परीचालिका लगाएत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद व्यवस्थापन सम्बन्धि कार्य गर्न लगाउने

(घ) मण्डनदेउपूर नगरपालिका पदाधिकारी, कर्मचारी, स्वयंमसेवक, सामाजिक परिचालिक तथा समुदायलाई विपद व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगाएत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने ,

(च) स्थानोय समुदायलाई विपदप्रति जागरुक बनाउन, विपद संग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपदको घटना हनासाथ प्रतिकार्यको लागी परिचालिका हुन वडा वा समुदायस्तरमा विपद पुर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने ,

(छ) विपद प्रतिकार्यको लागी आपतकालिन नमुना अभ्यास गर्ने, गराउने,

(ज) विपद पभावित क्षेत्रमा उद्दार तथा राहतको व्यवस्था गर्ने

(झ) विपद व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले स्थानीय विपद जोखिम न्युनिकरण तथा व्वस्थापन सम्वन्धि कानुनलाई संशोधन र एकीकरण गर्न वनेको ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) मण्डनदेउपूर नगरपालिकामा विपद व्यवस्थापन सुचना प्रणालि तथा पुर्वचेतावनि प्रणालिको विकास र सञ्चालन गर्ने, गराउने ,

(ट) मण्डनदेउपूर नगरपालिकामा आपतकालिन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ठ) विपदमा परि हराएका ,बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अधावधिक गरी राख्न लगाउने ,

(ड) विपदबाट प्रभावित घरपरिवारको पहिचान स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने , गराउने

(ढ) विपदको समयमा प्रयोग गर्न सकिने गरि वारुण यन्त्र लगाएतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ,

(ण) कार्यकारी समिति ,प्रदेश विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार विपद व्यवस्थापन समिति सम्बन्धि अन्य कार्य गर्ने ,गराउने,

(त) मण्डनदेउपूर नगरपालिकामा नगरपालिका र वडा स्तरमा आपतकालिन कोषको व्यवस्था गर्ने

(थ) प्रचलित संघीय तथा प्रदेश कानुबमोजिम सरकार, जिल्ला विपद व्यवस्थापन समिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र दातृ निकायसँग समन्वय गरी विपद व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गन

(द) विपद व्यवस्थापन सम्बन्धमा तोकिय बमोजिमका अन्य कार्य गर्ने, गराउने ,

३. **मण्डनदेउपूर नगरपालिकामा विपद व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धि कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

४. **सामुदायिक विपद व्यवस्थापन समितिको गठन :** नगरपालिका का वडा स्तरमा विपद व्यवस्थापन संवन्धि कार्यका लागि निम्नानुसारको सामुदायिक विपद व्यवस्थापन समिति गठन गरिनेछ ।

अध्यक्षः वडाअध्यक्ष

सदस्यः वडा सदस्यहरु

सदस्यः वडामा स्वास्थ्य सम्वन्धि विषय हेर्ने शाखा प्रमुख

सदस्यः वडा स्थित सुरक्षा निकायका प्रमुखहरु

सदस्यः वडामा रहेका पुर्वाधार तथा सामाजिक विकाससँग सम्वन्धित शाखाका प्रमुखहरु

सदस्यः रास्टिय मान्यताप्राप्त राजनीतिक दलका वडा स्तरीय प्रमुख वा प्रतिनिधिहरु

सदस्यः वडा भित्र रहेको नेपाल रेडक्रस सोसाइटी उपशाखाको प्रमुख वा प्रतिनिधि

सदस्यः सामुदायिक विपद व्यवस्थापन समितिले मनोनित गरेका वडाभित्र रहेका गैरसरकारी/सामुदायिक संस्थाका प्रमुख वा प्रतिनिधिहरु

सदस्य सचिवः वडासचिव

५. **सामुदायिक विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) परिषदबाट स्वीकृत राष्ट्रिय निति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत निति योजना र कार्यक्रम अनुरुप हुनेगरी स्थानिय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयन गर्ने ,

(ख) वडा तहलाई विपद व्यवस्थापनका लागी बजेट विनियोजन गर्न लगाउने

(ग) सरकारी निजि एवम गैरसरकारी संस्था ,स्थानिय स्ययंमसेवक ,सामाजिक परीचालिका लगाएत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद व्यवस्थापन सम्बन्धि कार्य गर्न लगाउने

(घ) वडा तहका पदाधिकारी ,कर्मचारी ,स्वयंमसेवक, सामाजिक परिचालिक तथा समुदायलाई विपद व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने ,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगाएत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने ,

(च) स्थानोय समुदायलाई विपदप्रति जागरुक बनाउन, विपद संग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपदको घटना हनासाथ प्रतिकार्यको

लागी परिचालिका हुन वडा वा समुदायस्तरमा विपद पुर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने ,

(छ) विपद प्रतिकार्यको लागी आपतकालिन नमुना अभ्यास गर्ने,गराउने ,

(ज) विपद प्रभावित क्षेत्रमा उद्दार तथा राहतको व्यवस्था गर्ने

(झ) वडा तहमा विपद व्यवस्थापन सुचना प्रणालि तथा पुर्वचेतावनि प्रणालिको विकास र सञ्चालन गर्ने, गराउने

(ञ) वडा तहमा आपतकालिन कोष स्थापना तथा परिचालन गन

(ट) विपदमा परि हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अधावधिक गरी राख्न लगाउने ,

(ठ) विपदबाट प्रभावित घरपरिवारको पहिचान स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने , गराउने

(ड) विपदको समयमा प्रयोग गर्न सकिने गरि वारुण यन्त्र लगाएतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ,

(ढ) कार्यकारी समिति, प्रदेश विपद व्यवस्थापनको समिति तथा जिल्ला विपद व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समितिको निर्णय अनुसार विपद व्यवस्थापन समिति सम्बन्धि अन्य कार्य गर्ने ,गराउने,

(ण) विपद व्यवस्थापन सम्बन्धमा तोकिय बमोजिमका अन्य कार्य गर्ने, गराउने ,

(२) सामुदायिक विपद व्यवस्थापन समितिको सचिवालय , बैठक सम्बन्धि कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ६. तत्काल राहत तथा उद्धारको ब्यवस्था

(१) प्राकृतिक एवम अन्य कुनै प्रकोपवाट क्षति भएमा समवन्धित वडाको शिफारिस तथा विपत ब्यवस्थापनको अनुगमन गरि उल्लेखित राहत उपलबध गराउन ।

क. गोठ क्षति भई पशुधन मरेमा रु ५०००।

ख. घर आँशिक क्षति भई घाइते भएमा रु ५०००।

ग. घर पूर्ण क्षति भई बस्न नमिल्ले भएमा वा अंगभंग भएमा रु १००००।

घ. प्रकोपमा परिमानवीय क्षति भएमा रु १५०००। राहत उपलब्ध गराई उद्धार गर्ने ।

ङ. आवश्यकता अनुसार सम्वन्धित निकाय संग समन्वय गरि राहत र उद्धारका कार्यक्रम गर्ने ।

**आज्ञाले,**

**(भीमकान्त शर्मा)**

**प्रमुख प्रशासकीय अधिकृत**